## अटोग्राफ

मेरो अटोग्राफमा-
कुन्नि के लेखिमाग्न भनेर होला..

मैले पठाएको हजुरकोमा..
एकै शब्द पनि लेख्न नसकी,
कति लजाएर,
मेरो हजुरले....
यौटा गुलाबी पन्नाभरि मात्र मुस्कुराइदिनु भएछ।

मेरो अटोग्राफको
गुलाबी पन्नाभरि मुस्कान पोखिदिएर
अझ गुलाबी गुलाबी बनाइदिनु भएछ !

हाम्रो बैँस।
गुलाबको फूल हो !

फूल जतिकै राम्रो
फूल जतिकै कोमल
यसको आफ्नो कथा हुन्छ !

वसन्तमा-
फूललाई पनि सरम लाग्छ !
हेर्नोस्न, फेरि हेर्छन् कसरी
तन्नेरी हृदयका अनुरागले भरेका दृष्टिहरु !
देखिन्छन् कति आतुर तिनीहरु....

अङ्गालोभरिका माया दिएर
चुम्बनको सिन्दुर हालिदिनुलाई
सिउँदोमा
गुलाबको !
मौनता त उसले शिर ढाकेको
पछ्यौरी हो,
भनिदिनुस्न, त्यसरी हातले उतार्ने धृष्टता गर्नु हुदैन !
फूललाई पनि सरम लाग्छ !

भनिदिनुस्न, लजाउन दिनुपर्छ बैँसलाई,
कि उसले त अब
मानिसको धड्कनको उत्ताप सहन सक्दैन !

उफ् ! प्रेमको स्वीकृतिले
शब्दको भार थाम्न सक्तैन !

अनि हजुरको, लजाउनु पनि लाज मान्ने
राजकुमारीको झैँ- अनुहारले-
धरतीमा, शरम भार थाम्ने सक्तैन !

अनि त कति लजाएर
फूललाई ,
(वाणिको छलहीन मौनतासित)
पछ्यौरीभरि सिङ्गारेर
अनि फूलको सौन्दर्यको केन्द्रमा
लजाइरहेको आफूलाई सजाएर,

मेरो हजुरले
मेरो अटोग्राफको पन्नाभरि लजाइदिनु भएछ !

मेरो अटोग्राफको
गुलाबी पन्नाभरि मुस्कान पोखिदिएर
अझ गुलाबी गुलाबी बनाइदिनु भएछ !

हाम्रो माया
हृदयभित्रको कुरा हो !

लजिली झारझैँ यो मुलायम र कमलो हुन्छ !
कि जार्जेटको फिसलनजस्तो
यो यतिसम्म हातमा नआउने हुन्छ !

मेरो हजुर कसरी आवोस् अनि, यो...........
प्लाष्टिकको कलमको क्षितिजभित्र ?

जसले मायालाई
दुनियाँको ईर्ष्यालु दृष्टिहरुका
इस्पातभन्दा चिसो हातहातमा राखिदिन्छ ।

शील र सरमले निधार छोपी
पृथ्वीका निर्लज्ज र नाङ्गो दृष्टिबाट
सौन्दयमा कति आँच पर्न नदिएर

मेरो हजुरले
मेरो जीवनको रातो पन्नाभरि
मुस्कुराई दिनुभएछ कति साँच्चा कुराहरू.......

हो, हजुर
अटोग्राफको पन्नामा
विस्मृतिको जलले पनि पखालिदिन्छ
शब्दहरुमा सम्झनाका क्षणहरु !

उफ् ! शब्दहरुका सामर्थ्यले
बहँदो समयको प्रहार खप्न सक्तैन !

अनि त,
कत्ति सम्हालेर
प्रेमलाई........
(उसको सम्पूर्ण तरुणाईसित)

हजुरको आँखा भरी भरी राखेको
बैंसको आम्खोराबाट

मेरो हजुरले
मेरो अटोगप्रफको
पन्नाभरि पोखाइदिनु भएछ !

मेरो अटोग्राफको
गुलाबी पन्नाभरि मुस्कान पोखिदिएर
अझ गुलाबी-गुलाबी बनाइदिनु भएछ !